apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२

जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः ११७ ● पृष्ठः ४ ● ०१ जेठ २०८३ शुक्रबार (15 May 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## सिरहा सदरमुकाममा पार्किङस्थल नहुँदा नागरिकलाई सास्ती

### बढ्दो सवारी चापले बजार अस्तव्यस्त, अव्यवस्थित पार्किङ र सडकमै यात्रु चढाउने प्रवृत्तिले दुर्घटनाको जोखिम बढ्यो

**शुभ नारायण कामती**
**सिरहा, वैशाख ३१ गते**



सिरहा सदरमुकाममा व्यवस्थित पार्किङस्थल अभाव हुँदा नागरिकले दैनिक सास्ती खेप्न बाध्य भएका छन्। सवारी साधनको संख्या तीव्र रूपमा बढ्दै गए पनि प्रभावकारी पार्किङ व्यवस्थापन हुन नसक्दा बजार क्षेत्र दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको हो।

पछिल्ला वर्षहरूमा सिरहा सदरमुकाममा मोटरसाइकल, कार, ई-रिक्सा, टेम्पो लगायत साना तथा ठूला सवारी साधनको संख्या उल्लेख्य रूपमा बढेको छ। तर, त्यसअनुसार सार्वजनिक पार्किङस्थल निर्माण हुन नसक्दा मुख्य सडक नै पार्किङस्थलमा परिणत भएको स्थानीयवासीको गुनासो छ।

विशेषगरी मुख्य बजार, अस्पताल रोड, मालपोत क्षेत्र, जिल्ला अदालत आसपास, हेमनारायण चौक, महावीर चौक तथा बैंक र सरकारी कार्यालय नजिकका सडकमा जथाभावी पार्किङ गरिने क्रम बढेको छ। सडक किनारमै सवारी साधन पार्किङ गरिँदा पैदलयात्रु सडकको बीच भाग हुँदै आवतजावत गर्न बाध्य छन्।

त्यसमाथि बजार क्षेत्रमा सञ्चालन हुने सिटी रिक्सा, म्याजिक, विङ्गर, बस लगायत सार्वजनिक सवारी साधनले सडककै बीच तथा जथाभावी स्थानमा यात्रु चढाउने-ओराल्ने गर्दा ट्राफिक व्यवस्थापन थप अस्तव्यस्त बनेको छ। स्थानीय युवा नेता अरबिन्द्र यादवका अनुसार यसले दुर्घटनाको जोखिम झनै बढाएको छ।

"सार्वजनिक सवारी साधन जहाँ पायो त्यहीँ रोकेर यात्रु चढाउने र ओराल्ने गर्छन्। हेमनारायण चौकमा २४ घण्टा ट्राफिक ड्युटी भए पनि अव्यवस्थित पार्किङ र सवारी रोक्ने प्रवृत्तिका कारण दुर्घटनाको जोखिम बढिरहेको छ," यादवले बताए।

उनका अनुसार क्याम्पस गेट, जिल्ला प्रशासन कार्यालयको मुख्य प्रवेशद्वार अगाडि समेत

बाँकी पृष्ठ ४ ▸▸

## हाकिम फेरिएसँगै कार्यालयका सामान नफेर्न प्रधानमन्त्री कार्यालयको निर्देशन






**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख ३१ गते**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यालय प्रमुख फेरिएसँगै नयाँ सवारीसाधन, फर्निचर तथा विद्युतीय सामग्री खरिद गर्ने प्रवृत्ति रोक्न सरकारी निकायलाई निर्देशन दिएको छ।

प्रधानमन्त्री कार्यालयले बिहीबार परिपत्र जारी गर्दै मन्त्रालय, आयोग, विभाग, कार्यालय तथा निकायहरूमा नयाँ प्रमुख नियुक्ति, पदस्थापन वा सरुवापछि कार्यकक्षमा रहेका सामग्री परिवर्तन गर्ने क्रम बढेको भन्दै मितव्ययिता अपनाउन निर्देशन दिएको हो।

परिपत्रमा टेबल, कुर्सी, सोफा, कार्पेट, पर्दा, एसी, कम्प्युटर, मोबाइल, ल्यापटप लगायतका सामग्री नयाँ खरिद गर्दा राज्यकोषमा अनावश्यक व्ययभार परेको उल्लेख गरिएको छ। प्रधानमन्त्री कार्यालयले यस्ता सामग्री मर्मत गरी सञ्चालन गर्न सकिने अवस्थामा पनि नयाँ खरिद गर्ने प्रवृत्तिले आर्थिक अनुशासनमा असर पुगेको जनाएको छ।

प्रधानमन्त्री कार्यालयले अत्यावश्यक अवस्थाबाहेक नयाँ सामग्री खरिद नगर्न तथा कार्यालयमा मौज्दात रहेका सामग्रीको मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउन निर्देशन दिएको छ।

सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउन उक्त निर्देशन जारी गरिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

## मधेशमा मुख्यमन्त्री माथिको संकटः बाहिर गठबन्धनको साथ, कांग्रेसभित्रैको त्रासमा सरकार

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख ३१ गते**



मधेश प्रदेश सरकार अहिले बाह्य गठबन्धनको सहाराले टिक्ने अवस्थामा पुगे पनि नेपाली कांग्रेसभित्रको गुटीय राजनीति भने सरकारका लागि नयाँ संकटका रूपमा देखिएको छ।

सत्ता साझेदार दलहरूको समर्थन कायम भएपछि केही राहतमा मधेश प्रदेश सरकार मुख्यमन्त्री कृष्णप्रसाद यादव देखिए पनि आफ्नै पार्टीभित्र बढ्दो असन्तुष्टि र सम्भावित 'क्रस भोट' को त्रासले उनी तनावमा परेको छ।

गत बैशाख २१ गते जनमत पार्टीले संसदीय दलका नेता महेशप्रसाद यादवलाई परिवर्तन गरी चन्दन सिंहलाई चयन गरी आफ्ना ९ जना प्रदेश सभा सदस्यसहित मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकार संकटमा परेको थियो।

जनमत पार्टीको निर्णयसँगै सरकार अल्पमतमा पर्ने आकलन गरिएपछि प्रदेश राजनीतिमा सत्ता परिवर्तन प्रस्थान विन्दु बनेको चर्चा थियो।

त्यसको दुई दिन नबित्दै अर्थात् बैशाख २३ गते जनता समाजवादी पार्टी नेपाल (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा),

बाँकी पृष्ठ ४ ▸▸

## अर्को वर्ष स्थानीय तह र प्रदेशसभा निर्वाचन सँगसँगै गर्न छलफल थाल्यो निर्वाचन आयोगले

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख ३१ गते**




निर्वाचन आयोगले अर्को वर्ष वैशाखमा हुने स्थानीय तह निर्वाचन र मंसिरभित्र गर्नुपर्ने प्रदेशसभा निर्वाचन एकै पटक गर्ने गरी छलफल थालेको छ।

यसअघि स्थानीय तह निर्वाचन २०७९ वैशाखमा भएको थियो भने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन मंसिरमा एकै पटक भएको थियो। जेनजी आन्दोलनका कारण प्रतिनिधिसभा विघटन भई तीन वर्षमै नयाँ निर्वाचन भएपछि तीनवटा निर्वाचन छुट्टाछुट्टै गर्नुपर्ने अवस्था आएको हो।

पाँच वर्षमा तीन पटक ठूलो निर्वाचन गर्दा खर्च धेरै लाग्ने भएकाले आयोगले स्थानीय तह र प्रदेशसभा निर्वाचन एकै पटक गर्न छलफल सुरू गरेको हो। एकै पटक निर्वाचन गर्दा उही जनशक्तिले चुनाव गराउन सक्ने

बाँकी पृष्ठ ३ ▸▸







नेपाल पत्रकार महासंघ सिरहा शाखा कार्यसमिति सदस्य तथा पत्रकार **नरेश चन्द्र बरबरिया**को ममतामयी आमा **स्व. समुन्द्री देवी यादव** ज्यूको निधनले हामी अत्यन्त मर्माहत भएका छौं। पिडाको यस घडिमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भन्दै हार्दिक समबेदना व्यक्त गर्दछौं।

**शुभ नारायण कामती**
**(प्रकाशक/सम्पादक)**

अपन दैनिक परिवार

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

## सम्पादकीय...

### मधेशको खेलकुद विकासमा बहुउदेश्य रंगशाला

मधेश प्रदेश खेलकुदको उर्वर भूमि हो। कुस्ती, कबड्डीदेखि क्रिकेटसम्म मधेशका खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा देखाउने गरेको छ। पछिल्ला वर्षहरूमा नेपालको क्रिकेट यात्रामा मधेश प्रदेशको योगदान प्रभावशाली तरिकाले बढेको छ। राष्ट्रिय टोलीमा रहेका आसिफ शेख, आरिफ शेख, गुलसन झा र नन्दन यादवजस्ता खेलाडीहरूले एक दिवसीय डिभिजन-२ लिगमा उत्कृष्ट प्रदर्शन गर्दै नेपालको गौरव बढाइरहेका छन्। यसले मधेश प्रदेशमा प्रतिभाको कमी नभएको तर खेलकुदलाई अघि वढाउन आवश्यक पूर्वाधारमा राज्यको लगानी अपरिहार्य रहेको भन्ने कुरालाई उजागर गरेको पाईन्छ।

खेलाडी उत्पादन केवल व्यक्तिगत मेहनतबाट मात्र सम्भव हुँदैन। त्यसका लागि व्यवस्थित प्रशिक्षण केन्द्र, अन्तर्राष्ट्रिय स्तरको खेल मैदान, आधुनिक अभ्यासस्थल र प्रतियोगिता आयोजना गर्न सक्ने संरचना आवश्यक हुन्छ। तर विडम्बना, खेलकुदमा यति ठूलो सम्भावना बोकेको मधेश प्रदेश अझै पनि पर्याप्त भौतिक पूर्वाधारबाट वञ्चित छ। वर्षौंदेखि निर्माणाधीन अवस्थामा रहेको रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला यसको सबैभन्दा ठूलो उदाहरण बनेको छ। जनकपुरधाम मधेश प्रदेशको राजधानी मात्र होइन। नेपालको राजनीतिक तथा सांस्कृतिक इतिहासको महत्वपूर्ण केन्द्र पनि हो। दैनिकजसो मन्त्री, नेता र उच्च पदस्थ व्यक्तिहरू जनकपुर ओहोरदोहोर गर्ने गर्छन्। चर्का भाषणमा विकासका कुरा गर्छन्, तर व्यवहारमा रामजानकी रंगशालाको निर्माण कार्य अझै अलपत्र छ। रंगशालाको आवश्यकता र महत्वबारे सबैले चिन्ता व्यक्त गर्ने गरेका छन्। तर त्यो चिन्ता बजेट र योजनामा रूपान्तरण हुन सकेको छैन।

खेलकुद मनोरञ्जनको माध्यम होइन, यो अर्थतन्त्रसँग पनि प्रत्यक्ष रुपमा जोडिएको क्षेत्र हो। खेल पर्यटन, प्रतियोगिता आयोजना, खेल प्रशिक्षण र खेल उद्योगमार्फत हजारौं युवालाई रोजगारी सिर्जना गर्न सकिन्छ। जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण भयो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सजिलो हुनेछ। त्यसले होटल, यातायात, व्यापार तथा पर्यटन क्षेत्रलाई समेत ठूलो लाभ पुऱ्याउनेछ। मधेश प्रदेशको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ। खेलकुदले युवालाई अनुशासन, आत्मविश्वास र अवसर दिन्छ। विदेश पलायन भइरहेका हजारौं युवालाई खेलमार्फत सम्भावनाको बाटो देखाउन सकिन्छ। त्यसका लागि राज्यले खेलकुदलाई प्राथमिकतामा राख्नैपर्छ। विशेषगरी मधेशजस्तो प्रतिभाशाली प्रदेशमा खेल पूर्वाधारमा लगानी गर्नु पर्ने आवश्यकता छ। त्यसैले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमै रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला निर्माणलाई पूरा गर्ने गरी विशेष प्राथमिकता दिइनुपर्छ। निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन, समयसीमा निर्धारण र प्रभावकारी कार्यान्वयन अनिवार्य छ। जसले खेलकुद विकासप्रति सरकारको गम्भीरता झल्कने छ भने जनकपुरधामको रामजानकी रंगशालाले पर्यटनको क्षेत्रमा ठूलो योगदान गर्न सक्नेछ।

### औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# प्रश्नबाट भागिरहेको नयाँ राजनीति






### प्रश्नको 'हाउगुजी'

अहिले रास्वपाका अधिकांश सांसदहरु क्यामेरा देखेपछि तर्सिन थालेका छन्। सायद, उनीहरूलाई केही नबोल्ने आदेश माथिबाट नै छ। विगतमा आफूले गरेका चटकहरु बारे प्रश्न सोधिने भयले पनि उनीहरु जनताको मुद्दा सार्वजनिक रुपमा उठाउन नसक्ने अवस्थामा देखिन्छन्।

**उमेश बन्जाडे**

पुराना दलहरूको हैकमवादी कार्यशैलीबाट वाक्क बनेको नेपाली समाजले जब नयाँ विकल्प खोजिरहेका थिए, त्यतिबेला राष्ट्रिय स्वतन्त्र पार्टी युवाहरूमाझ लोकप्रिय थियो। अन्ततः फागुन २१ गते सम्पन्न निर्वाचनले रास्वपालाई वैकल्पिक राजनीतिक धारमा बलियोसँग उभ्यायो। राजनीतिक दलभन्दा बढी आशा बनेर उदाएको रास्वपाप्रति जनताको ठूलो भरोसा छ।

भाषण होइन, व्यवहार बदल्ने वाचा गर्दै आएको त्यो शक्तिले जनतामा अब कम्तीमा पुराना दलजस्तो ढाँट्ने राजनीति गर्ने छैन भन्ने मनोवैज्ञानिक भरोसा जगाएको छ। दशकौंसम्म सत्ता र शक्तिको वरिपरि घुमिरहने नेताहरूको घिसेपिटे अनुहारबाट दिक्क बनेका नागरिकले रवि लामिछाने र उनका सांसदहरूमा नयाँ पुस्ताको प्रतिनिधित्व देख्न थालेका छन्।

संसद्मा पुगेपछि रास्वपाका सांसदहरूले अरू दलमाथि जुन प्रकारले प्रश्न उठाएका छन्, त्यसले धेरैलाई अब संसद्मा कम्तीमा प्रश्न गर्ने, जवाफ माग्ने र जवाफ दिने संस्कार सुरु हुनेछ। तर, सत्ता बदलिँदा अनुहार मात्रै बदलियो। हिजो बुम देख्दा आफैं अगाडि सरेर बोल्ने नेताहरू आज किन पत्रकार देख्दा तर्किएर हिँडिरहेका छन्? किन सार्वजनिक प्रश्न सुन्नासाथ उनीहरूको अनुहारमा असहजता देखिन्छ? किन क्यामेरा देख्दा आँखा झुक्छ? आखिर के कुराले यिनीहरूभित्र यत्रो डर पैदा गरेको हो?

अहिले रास्वपाका अधिकांश सांसदहरू क्यामेरा देखेपछि तर्सिन थालेका छन्। सायद, उनीहरूलाई केही नबोल्ने आदेश माथिबाट नै छ। विगतमा आफूले गरेका चटकहरू बारे प्रश्न सोधिने भयले पनि उनीहरू जनताको मुद्दा सार्वजनिक रूपमा उठाउन नसक्ने अवस्थामा देखिन्छन्। खासमा, राजनीतिमा सबैभन्दा खतरनाक कुरा भ्रष्टाचार मात्रै होइन, मौनता पनि हो। भ्रष्टाचार देखिन्छ, तर मौनता लुक्छ। भ्रष्टाचार प्रमाणित गर्न सकिन्छ, तर मौनताले जिम्मेवारीबाट भाग्ने बाटो बनाउँछ।

आज देशमा कयौं प्रश्नहरू उठिरहेका छन्। सहकारी प्रकरण, सुकुम्वासीको समस्या, सत्ता सञ्चालनको अपारदर्शिता, अध्यादेशमार्फत शासन चलाउने प्रवृत्ति, संसद्को निष्क्रियता, नियुक्तिमा मनपरी आदि सबै विषयमा जनताले जवाफ खोजिरहेका छन्। तर विडम्बना, दुईतिहाइको जनमत लिएर सत्तामा पुगेको दलका सांसदहरू सार्वजनिक रूपमा बोल्न समेत डराइरहेका छन्।

आज जसरी रास्वपाका सांसदहरू पत्रकार देख्नासाथ बाटो मोडिरहेका छन्, त्यो दृश्य केवल व्यक्तिगत असहजता होइन, त्यो लोकतान्त्रिक संस्कारको संकट हो। अझ गम्भीर कुरा के छ भने, उनीहरू बोल्न नसकेको होइन, बोल्न नचाहेको देखिन्छ। किनकि बोल्दा प्रश्न थपिन्छ, प्रश्न थपिँदा जवाफ दिनुपर्छ र जवाफ दिँदा सत्तालाई असहज हुनसक्छ भन्ने त्रासले उनीहरूलाई तर्साउने गरेको छ।

त्यसैले अहिले मौनतालाई रणनीति बनाइएको जस्तो देखिन्छ। तर राजनीति मौनताले चल्दैन। भर्खरै चुनाव सकिएको छ। पाँच वर्षको लामो समय अगाडि छ। जनताले एकपटक विश्वास गरेर बहुमत दिएका छन्। त्यो बहुमत कुनै दान होइन, जिम्मेवारी हो र त्यो जिम्मेवारी जबाफदेहीताका साथ निर्वाह गर्नुपर्छ भन्ने कुरो उनीहरूले बेलैमा बुझ्न जरुरी छ। आज रास्वपाका सांसदहरू जुन शैलीमा सार्वजनिक प्रश्नबाट भागिरहेका छन्, त्यसले जनतामा एउटा नकारात्मक सन्देश गइरहेको छ।

अझ विडम्बना त के भने, हिजो संसद्मा उभिएर अरू दलका नेताहरूलाई जनताबाट भागेको आरोप लगाउनेहरू आज आफैं अनुहार छोप्दै दौडिरहेका छन्। हिजो खुला र पारदर्शी राजनीतिको नारा दिनेहरू आज नियन्त्रित सूचनामा रमाइरहेका छन्। पत्रकार सम्मेलनमा प्रश्न सोध्ने पत्रकार छनोट गर्ने, यथार्थ प्रश्न सोध्ने सञ्चारकर्मीलाई पूर्वाग्रही घोषणा गर्ने, सामाजिक सञ्जालमा आलोचना गर्नेहरू लाई दलाल भन्ने जस्ता प्रवृत्ति खतरनाक सङ्केतहरू हुन्।

लोकतन्त्रमा आलोचनालाई शत्रुताको रूपमा नहेरेर सुधारको अवसरका रूपमा बुझ्नुपर्ने हुन्छ। तर सत्ता जब आलोचनाबाट डराउन थाल्छ, तब ऊ बिस्तारै निरङ्कुश हुँदै जान्छ र आफ्नो पतन आफैं निम्त्याउन थाल्छ।

संसद् लोकतन्त्रको मुटु हो। तर आज संसद्मा बहस होइन, ताला झुन्डिएको छ। जनताको मुद्दा र कानुनमाथि छलफल हुनुपर्ने ठाउँलाई ओझेल पारेर सरकार अध्यादेश ल्याएर शासन चलाउन व्यस्त छ। अध्यादेश असाधारण परिस्थिति समाधान गर्ने माध्यम हो, नियमित शासनको उपकरण होइन। दुई तिहाइ नजिकको जनमत भएको सरकारले संसद् छलेर अध्यादेशको बाटो समात्नु आफैंमा विरोधाभास हो। यदि जनमत यति शक्तिशाली छ भने संसद्बाटै किन निर्णय गर्न सकिँदैन? कि बहुमत केवल चुनाव जित्नका लागि थियो, शासन सञ्चालनका लागि होइन? राजनीतिमा सबैभन्दा ठूलो परीक्षा विपक्षमा हुँदा होइन, सत्तामा सुरु हुन्छ। विपक्षमा हुँदा सबै क्रान्तिकारी देखिन्छन्। सबैले सुशासनको गीत गाउँछन्। तर कुर्सीमा पुगेपछि असली चरित्र प्रकट हुन्छ। अहिले रास्वपामाथि पनि त्यही परीक्षा आइपरेको छ।

जनताले हेर्दै छन्, यी साँच्चै फरक हुन् कि केवल नयाँ प्याकेजिङ भएका पुरानै प्रवृत्ति? किनकि भाषणमा नैतिकता बेच्न सजिलो हुन्छ, व्यवहारमा देखाउन गाह्रो हुन्छ। अहिले जनताले भाषण होइन, व्यवहार हेरिरहेका छन्। जनताको प्रश्नबाट भागेर राजनीति टिक्दैन। पत्रकारसँग नबोलेर असन्तोष दबिँदैन। क्यामेरा छल्दैमा यथार्थ लुक्दैन। बरु मौनताले शंका बढाउँछ। लोकतन्त्रमा जनताको विश्वास सबैभन्दा ठूलो पूँजी हो। त्यो एकपटक गुम्यो भने फेरि चुनावी नाराले फर्काउन सकिँदैन। रास्वपाले अहिले बुझ्नुपर्ने कुरा यही हो।

रास्वपाको प्रारम्भिक राजनीतिक रणनीति नै पुराना दल असफल भए, हामी फरक छौं भन्ने भाष्यमा आधारित थियो। जतिबेला जनतामा चरम निराशा थियो। बेरोजगारी, भ्रष्टाचार, राजनीतिक अस्थिरता र पुराना दलहरूको सत्ता-केन्द्रित व्यवहारले नागरिक आजित थिए, त्यस्तो अवस्थामा रास्वपाले आफूलाई विकल्पका रूपमा प्रस्तुत गऱ्यो। सामाजिक सञ्जाल र मिडियाले पनि सुरुमा यो दललाई व्यापक स्थान दिए। तर समस्या त्यतिबेला देखिन थाल्यो, जब मिडियाले प्रशंसा मात्र होइन, प्रश्न पनि गर्न थाले।

सहकारी प्रकरण, नागरिकता विवाद, पार्टीभित्रको असन्तुष्टि, सांसदहरूको कार्यक्षमता, आर्थिक पारदर्शिता, संगठनभित्रको शक्ति सन्तुलन लगायतका विषय उठेपछि रास्वपाको व्यवहार बदलिन थाल्यो। जसले प्रश्न गऱ्यो, उसलाई दलाल, पुराना दलको एजेन्ट वा प्रायोजित पत्रकार भन्ने प्रवृत्ति बढ्यो। यसले रास्वपा अझै आलोचना सहन सक्ने लोकतान्त्रिक परिपक्वतामा पुगेको छैन भन्ने एउटा गम्भीर संकेत दिन्छ।

रास्वपाले यदि साँच्चै आफूलाई नयाँ राजनीतिक शक्ति प्रमाणित गर्न चाहन्छ भने उसले सबैभन्दा पहिले आलोचना सुन्ने क्षमताको विकास गर्नुपर्छ। आलोचनकलाई शत्रु होइन, लोकतन्त्रको साझेदार मान्नुपर्छ। सांसदहरूले क्यामेरा देखेर भाग्ने होइन, तथ्यसहित उभिने साहस गर्नुपर्छ। गल्ती भएको छ भने स्वीकार गर्नुपर्छ। किनकि, गल्ती स्वीकार गर्ने नेता कमजोर होइन, परिपक्व मानिन्छ। अहिले रास्वपाको संकट केवल मिडियाबाट भाग्नु होइन, आत्मविश्वासको संकट हो।

आज जनताले खोजेको कुरा गलत कदमको प्रतिरक्षा होइन, पारदर्शिता हो। भागाभाग होइन, संवाद हो। सत्ता भनेको सिंहासनमा बसेर आदेश दिने ठाउँ मात्रै होइन, जनताको कठघरामा उभिएर जवाफ दिने जिम्मेवारी पनि हो। पत्रकारको प्रश्नबाट भागे पनि अन्ततः इतिहासको प्रश्नबाट कहिल्यै भाग्न सकिँदैन। किनकि जनताले यसपटक पुराना दललाई अस्वीकार गरेका थिए। अब नयाँ दलले पनि उही घमन्ड दोहोऱ्यायो भने परिणाम झन् कठोर हुनेछ।

लोकतन्त्रमा जनता अन्तिम निर्णायक शक्ति हुन् र जनता चुप लागे पनि सबै कुरा देखिरहेका हुन्छन्। आज मिडियाबाट भाग्ने सांसदहरू भोलि जनताको विश्वासबाट पनि टाढा हुन सक्छन्। लोकतन्त्रमा अन्तिम फैसला क्यामेराले होइन, नागरिकले गर्छन्। र नागरिकले अन्ततः त्यही नेतालाई टिकाउँछन्, जो प्रश्नको सामना गर्न सक्छ, आलोचनासँग जुध्न सक्छ, गल्ती स्वीकार गर्न सक्छ र पारदर्शितासहित जनतामाझ उभिन सक्छ। यदि रास्वपाले समयमै यो पाठ सिकेन भने नयाँ आशा भनेर उदाएको शक्ति पनि पुरानै राजनीतिक रोगको अर्को संस्करण बनेर सीमित हुने खतरा अस्वीकार गर्न सकिँदैन।

## आजको राशिफल

**मेष :** आज शत्रुहरू परास्त हुनेछन्। पुराना ऋणहरू चुक्ता गर्ने अवसर मिल्नेछ।

**बृष :** विद्यार्थीहरूका लागि आजको दिन निकै राम्रो छ। सिर्जनात्मक क्षेत्रमा रुचि बढ्नेछ।

**मिथुन :** पारिवारिक वातावरण केही अशान्त रहन सक्छ। घरजग्गाको विषयलाई लिएर आफन्तसँग मतभेद हुन सक्छ।

**कर्कट :** तपाईंको सामाजिक दायरा बढ्नेछ। दाजुभाइको सहयोगले रोकिएका कामहरू सम्पन्न हुनेछन्।

**सिंह :** आर्थिक पक्ष सुदृढ रहनेछ। परिवारमा मांगलिक कार्यको चर्चा हुनेछ।

**कन्या :** चन्द्रमा आज तपाईंको राशिमा प्रवेश गर्ने हुनाले आत्मविश्वास र ऊर्जा बढ्नेछ।

**तुला :** स्वास्थ्यमा अचानक समस्या देखिन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।

**वृश्चिक :** आर्थिक रूपमा आजको दिन निकै सफल रहनेछ। कतै फसेको पैसा फिर्ता आउन सक्छ।

**धनु :** कार्यक्षेत्रमा तपाईंको प्रभाव बढ्नेछ। नयाँ रोजगारीको अवसर मिल्न सक्छ।

**मकर :** आज भाग्यले साथ दिनेछ। रोकिएका धार्मिक कार्यहरू सम्पन्न हुनेछन्।

**कुम्भ :** आजको दिन केही सतर्क रहनुपर्ने देखिन्छ। स्वास्थ्यमा अचानक समस्या आउन सक्छ।

**मीन :** व्यापार र व्यवसायमा आज नयाँ सम्झौता हुन सक्छ। साझेदारीमा गरिएका कामहरूबाट राम्रो मुनाफा मिल्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मन्त्रालयका नाम र कार्यक्षेत्र फेरबदलमा कर्मचारी नै रुस्ट

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख ३१ गते**

मन्त्रालयका नाम र कार्यक्षेत्र फेरबदल गरिएको विषयमा पूर्वप्रशासक तथा बहालावा केही उच्च कर्मचारीले असन्तुष्टि पोखेका छन्।

पूर्वप्रशासकहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि पोखेका हुन्।

खासगरी संघीय मामिला तथा सामान्य प्रशासन र भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई गाभेर भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको विषयमा प्रशासकहरूले असन्तुष्टि पोखेका हुन्।

उक्त दुई मन्त्रालयको कार्यक्षेत्र र चरित्र फरकफरक भएको भन्दै दुई मन्त्रालयलाई गाभेर एउटै बनाउन उपयुक्त नहुने उनीहरुको भनाइ छ।

'भूमि व्यवस्था मन्त्रालयको चरित्र भूमिसँग जोडिएको छ। यो विकाससँग पनि सम्बन्धित छ तर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रशासनसँग जोडिएको छ। यी दुई मन्त्रालयको चरित्र एउटै हुनै सक्दैन', राष्ट्रिय योजना योजना आयोगका पूर्वसदस्य तथा तत्कालीन सहरी विकास मन्त्रालयका पूर्वसचिव डा. रमेशप्रसाद सिंहले भने, 'बरु भूमि व्यवस्था र कृषि मन्त्रालयलाई गाभेर



एउटै मन्त्रालय बनाउन सकिन्थ्यो।'

सहरी विकास मन्त्रालय खारेज गरेको विषयमा पनि उनले गम्भीर असन्तुष्ट पोखे। 'सहरी विकास मन्त्रालयलाई पूर्वाधार विकास मन्त्रालयसँग गाभ्ने निर्णय नीतिगत रूपमा असान्दर्भिक र दीर्घकालीन रूपमा प्रतिकूल देखिन्छ।

यसले सहरी गरिबी, अनौपचारिक बस्ती र समावेशी सहरीकरणका मुद्दालाई ओझेलमा पार्ने जोखिम बढाउँछ,' सामाजिक सञ्जालमा उनले लेखेका छन्, 'छिमेकी मुलुकहरूको अभ्यासले पनि सहरी विकासका लागि छुट्टै मन्त्रालयको आवश्यकता पुष्टि गर्छ। त्यसैले वर्तमान सन्दर्भमा सहरी विकास मन्त्रालयको पुनःस्थापना तथा यसको थप सुदृढीकरण अनिवार्य छ।'

पूर्वप्रशासक शारदाप्रसाद त्रितालले भूमि व्यवस्था र संघीय मामिला मन्त्रालयलाई गाभेर एउटै बनाएको विषमा प्रतिक्रिया दिँदै सामाजिक सञ्जालमा लेखेका छन्, 'भूमि व्यवस्थापन बरु वन मन्त्रालयसँग मिल्थ्यो कि। प्रशासनसम्बन्धी मन्त्रालयमा मिसाएको भन्ने खबर पो आयो त।'

संघीय मामिला तथा भूमि व्यवस्था मन्त्रालयलाई गाभेर एउटै मन्त्रालय बनाएको विषयमा भूमि व्यवस्था मन्त्रालयका एक उच्च कर्मचारीले पनि असन्तुष्टि पोखे।

उनले भने, 'दुई मन्त्रालय गाभेर एउटै बनाएपछि दुई अलगअलग सचिव राख्नु पर्छ। किनभने दुई मन्त्रालयको कामको प्रकृति र स्वभाव फरकफरक छ। एउटै सचिव राखेमा काम गर्न कठिनाइ उत्पन्न हुने छ।'

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नाम परिवर्तन गरी निकै लामो बनाइएको छ। नयाँ नाम बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय राखिएको छ। उक्त मन्त्रालयका एक उच्च कर्मचारीले भने, 'यो नाम एनजिओको जस्तो भयो। नाम पनि धेरै लामो भयो।'

राष्ट्रपति कार्यालयले बिहीबार विज्ञप्ति जारी गर्दै मन्त्रालयको नयाँ नाम र कार्यक्षेत्रसमेत तोकेको छ। जसअनुसार मन्त्रालयको संख्या प्रधानमन्त्री कार्यालयसहित १५ वटा राखिएको छ।

विज्ञप्तिअनुसार मन्त्रालयका नाम अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कानुन, न्याय तथा संसदीय मामिला, कृषि, वन तथा पर्यावरण, गृह, परराष्ट्र, पूर्वाधार विकास, भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन, महिला, युवा, श्रम तथा रोजगार, रक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन, शिक्षा तथा खेलकुद, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा खाद्य स्वच्छता राखिएको छ।

**प्रधानमन्त्रीको काँधमा तीन मन्त्रालय**

प्रधानमन्त्री बालेन्द्र शाहले तीन वटा मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्। उनले रक्षा, गृह र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको जिम्मेवारी आफैंसँग राखेका छन्।

रक्षा मन्त्रालय सुरुदेखि नै उनले आफूसँग राखेका थिए। पछि सुधन गुरुङले राजीनामा दिएपछि गृह मन्त्रालय पनि प्रधानमन्त्री आफैंले हेर्दै आएका छन्।

# अर्नमा गाउँपालिकाले आफ्नै बजेटमा चार किलोमिटर कालोपत्र सडक बनाउँदै



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख ३१ गते**

जिल्लाको अर्नमा गाउँपालिकाले आफ्नै बजेटमा चार किलोमिटर कालोपत्र सडक निर्माण गर्ने भएको छ। गाउँपालिकाले प्रशासकीय भवनदेखि गोतहा-कृष्णपुर-५ को कार्यालय हुँदै हुलाकी सडकसम्म कालोपत्र सडक निर्माण गर्न लागेको हो।

३० फुट चौडाइ र ४ किलोमिटर लम्बाइको यो सडक आगामी दुई वर्षभित्र निर्माण हुने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले यो सडक निर्माणका लागि वर्ल्डवाइड इन्द्रेणी जेभी निर्माण कम्पनीसँग भ्याटसहित १० करोड २५ लाख ३७ हजार २ सय ८६ रुपैयाँमा ठेक्का सम्झौता गरेको छ।

गाउँपालिका अध्यक्ष अशोक यादवले बिहीबार शिलान्यास गर्दै सडक समयमै निर्माण हुने र यो सडक बनेपछि यस भेगका २० हजार बढी नागरिक लाभान्वित हुने बताए। 'हामीकहाँ योजना ठेक्का लाग्ने तर काम नहुने प्रवृत्ति छ,' उनले भने, 'तर, यो सडक हामी जसरी पनि समयमै बनाउँछौं।'

# सिरहामा सवारी दुर्घटनाः १४ जना घाइते

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख ३१ गते**

सिरहामा दुर्घटना हुँदा १४ जना घाइते भएका छन्।

नरहा गाउँपालिका ५ तिलकपुर चोकस्थित चौहर्वा सिरहा सडकमा मधेस प्रदेश ०४ ००१ ज ०१३८ नम्बरको विङ्गर र ना १ ज ६०७२ नम्बरको विङ्गर ठोक्किँदा १४ जना



घाइते भएका हुन्।

उनीहरुको न्यूरो अस्पताल विराटनगर, मिथिला हेल्थ केयर र लंगलाइफा हेल्थ केयर गोलबजारमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# बालेन सरकारसंग आशावादी जनकपुरवासी, अन्तर्राष्ट्रिय रंगशाला निर्माण हुनेमा विश्वस्त

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख ३१ गते**

वर्षौंदेखि निर्माणाधिन अवस्थामा रहेको राम जानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंङ्गशाला कहिले सम्पन्न हुन्छ भन्ने प्रश्न धनुषावासीले प्रत्येक दिन सोध्ने गर्छन।

मधेश प्रदेशको राजधानी एवम राजनीतिक परिवर्तनको जडको रुपमा रहेको जनकपुरमा दैनिक कुनै न कुनै मन्त्री र नेता आउने गर्छन्। उनीहरुसँग जनकपुरवासीले एउटै प्रश्न गर्छन-'रंङ्गशाला कहिले निर्माण हुन्छ ?'

पटक पटक स्थानीय सरकार, केन्द्र सरकार र प्रदेश सरकार फेरिए पनि रंङ्गशाला निर्माणको सपना पूरा हुन सकेको छैन्। हुनत उपमहानगरपालिकाले रंगशाला सुरक्षित राख्न तारबार गरेको छ तर यो बाहेक अरु कुनै भौतिक निर्माणको काम अगाडि बढ्न सकेको छैन।

बुधबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि रंङ्गशाला निर्माण स्थलको अवलोकन गरे। स्थानीय खेलाडी र विभिन्न विद्यालयका विद्यार्थीहरु खेल अभ्यास गरिरहेका थिए। मन्त्री पोखरेलले अवलोकन गरिरहँदा उपस्थित स्थानीयवासी र खेलाडीहरुको एउटै प्रश्न थियो-'रंङ्गशाला कहिले सम्पन्न हुन्छ ?'

मन्त्री पोखरेलले, राज्यले पहिलादेखि ध्यान नदिएका कारण सम्भावना बोकेको रंङ्गशाला निर्माणाधिन अवथामा रहेको बताए। उनले काठमान्डौ पुगेर रंङ्गशाला निर्माण र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गरेको अनुदान रकम कहाँ पुगेको छ भन्ने जानकारी लिनुका साथै चाँडै काम अगाडि बढाउने आश्वासन दिए।

हुन त राष्ट्रिय स्वतन्त्र पार्टी नेपालको नेतृत्वमा बनेको अहिलेको सरकारसंग धनुषावासी मात्र नभई सम्पूर्ण नेपालीले ने परिवर्तन र विकासको आशा राखेको छ। तर यो आशा पूरा हुने हो की होइन, त्यो त समयले बताउँछ। प्रतिनिधि सभा निर्वाचनमा धनुषा क्षेत्र नम्बर ३ बाट विजय भएका रास्वपाका सांसद मनिष झाले आफ्नो ऐजेन्डामै रंगशाला निर्माण गर्ने भनेकामा उनको जितले थप आशा पलाएको मधेश प्रदेश क्यानका उपाध्यक्ष रोशन सिंह बताउँछन्।

उनले हालको सरकारले बोलेर भन्दा गरेर देखाउने भनेकाले अहिलेसम्म सरकारले गर्दै आएको काम अनुसार जनकपुरधाममा पनि रंगशाला निर्माण हुनेमा आशावादी रहेको बताए।

उपाध्यक्ष सिंहले रास्वपालाई मधेश प्रदेशले सबैभन्दा बढि सांसद दिएकाले मधेश प्रदेशमा विकास हुनेमा सम्पूर्ण मधेशवासी नै आशावादी रहेको बताए।

वि.सं २०७५ सालमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधामको जानकी मन्दिर दर्शन गर्न आउँदा एकसय करोड रुपैयाँ जनकपुरधामको विकासमा सहयोग गर्ने घोषणा गरेका थिए।

उक्त रकम राम जानकी रंगशाला निर्माणमा खर्च गर्ने निर्णय भएपनि हालसम्म विभिन्न प्राविधिक र राजनीतिक अडचनका कारण अलपत्र परेको छ। डिपीआर लगायतका अन्य प्राविधिक कार्यहरु सम्पन्न भइसकेपनि निर्माण कार्य अगाडि बढ्न सकेको छैन।

जेनजी आन्दोलन पश्चात निर्माण भएको सुशीला कार्की नेतृत्वको सरकारका बेला पनि मन्त्री कुलमान घिसिंङले अनुगमन गरेर रंङ्गशालाको कार्य अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए।

रास्वपा नेतृत्वको सरकारले रंङ्गशाला निर्माण सम्पन्न गर्नसके धनुषावासीको लागि मात्र नभएर यो सम्पूर्ण प्रदेशवासीका लागि गौरवको विषय हुने स्थानीयवासीहरु बताउँछन्।

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकारः**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका. भोलिका कर्णधार"**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## अर्को वर्ष स्थानीय तह र प्रदेशसभा निर्वाचन सँगसँगै ............

र मितव्ययी समेत हुने आयोगको भनाइ छ।

आयोगले यसबारे औपचारिक निर्णय नगरे पनि छलफलमा भने सुरू गरेको एक पदाधिकारीले जानकारी दिए।

'हामीले औपचारिक निर्णय गरेर सरकारसमक्ष प्रस्ताव गरेका छैनौं,' आयोगका एक पदाधिकारीले अपन दैनिकसँग भने, 'कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूले यसबारे छलफल गरिरहनुभएको छ, प्रस्तावकै रूपमा भने तयार भइसकेको छैन।'

आयोगले मंगलबार निर्वाचन सम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि राजनीतिक दलहरूसँग सुझाव मागेको थियो। त्यही छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले प्रदेश र स्थानीय तह निर्वाचन एकै पटक गर्न सकिनेबारे सुझाव मागेका थिए।

'मंगलबार निर्वाचन कानुन संशोधन गर्न बनेको विधेयकमाथि छलफल थियो। त्यस क्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले प्रदेश र स्थानीय तह निर्वाचन एकै पटक गर्दा के हुन्छ भनेर अनौपचारिक रूपमा विषय ल्याउनुभएको हो। त्यसबारे धेरै छलफल भएन। अरू दलहरूको पनि खासै धारणा आएन,' एमाले निर्वाचन विभाग प्रमुख निरज आचार्यले भने।

२०७९ वैशाख ३० गते स्थानीय तह निर्वाचन भएको थियो भने २०७९ मंसिर ४ गते प्रदेशसभा निर्वाचन भएको थियो। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सातै प्रदेशका लागि एकै पटक र एकै दिन भएको थियो।

संविधान अनुसार प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरूको पदावधि पाँच वर्षको हुन्छ। प्रदेशसभाको अवधि नपुगी विशेष कारणले विघटित हुन नसक्ने होइन, तर स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल पाँचै वर्षको हुनेछ।

स्थानीय तह निर्वाचन ऐन-२०७३ मा गाउँ वा नगर सभाको कार्यकाल सकिनु दुई महिनाअघि निर्वाचन गर्नुपर्ने व्यवस्था छ। तर निर्वाचन आयोगले चुनावको मिति प्रस्ताव गर्ने प्रचलन छ।

आगामी निर्वाचन एकै पटक गर्दा छुट्टाछुट्टै तयारी गर्नु नपर्ने र एउटै खर्चले पुग्ने भएकाले छलफललाई तीव्रता दिइएको हो।

२०७९ सालको स्थानीय तह निर्वाचनमा ५ अर्ब ४० करोड ३९ लाख रूपैयाँ खर्च भएको थियो। यसका लागि सरकारले ८ अर्ब ११ करोड छुट्याएको थियो।

आयोगका अनुसार प्रति मतदाता औसत २८४ रूपैयाँ र प्रति मतदान केन्द्र औसत २ लाख २९ हजार रूपैयाँ खर्च भएको थियो।

यस निर्वाचनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्यादी र मतदान केन्द्रमा खटिएका मतदान अधिकृत, सहायक समेत गरेर झन्डै दुई लाख जनशक्ति परिचालित भएका थिए।

प्रदेश निर्वाचनसमेत एकै पटक गराउँदा झन्डै चार अर्ब रूपैयाँ जोगाउन सकिने आयोगको बुझाइ देखिन्छ।

**राष्ट्रियसभा सदस्यको उपनिर्वाचन विद्युतीय उपकरणबाट हुने**

गत पुस २० गते राष्ट्रियसभा सदस्य बलदेव बोहराको निधनपछि सुदूरपश्चिमको एक पद रिक्त छ। त्यसका लागि उपनिर्वाचन गराउनुपर्ने छ।

आयोगले विद्युतीय उपकरणमार्फत् निर्वाचन गर्ने तयारी गरेको र त्यसको सुझाव मागेको एमाले निर्वाचन विभागका प्रमुख निरज आचार्यले बताए।

'सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने राष्ट्रियसभा सदस्यको एक पद रिक्त रहेकामा निर्वाचन आयोगले उपचुनाव गराउने तयारी गरेको रहेछ। आयोगले विद्युतीय उपकरणमार्फत् गर्दा के हुन्छ भनेर सोधेको थियो,' आचार्यले भने, 'सहभागी अधिकांश राजनीतिक दलका प्रतिनिधि त्यसमा सकारात्मक देखिए।'



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

## मधेशमा मुख्यमन्त्री माथिको संकट ...............

नेकपा एमाले र नेकपाले समेत सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेका थिए। कृष्णप्रसाद यादव नेतृत्वको सरकार ढल्ने लगभग निश्चितजस्तै मानिएको थियो।

त्यसैदिन काठमाडौंमा भएको उच्चस्तरीय राजनीतिक छलफलले परिस्थिति एकाएक बदलियो। नेपाली कांग्रेसका सभापति गगन थापा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच भएको त्रिपक्षीय छलफलपछि कांग्रेसकै नेतृत्वमा रहेको सरकारलाई निरन्तरता दिने सहमति बनेको थियो। उक्त सहमतिपछि सत्ता परिवर्तनको तयारी तत्कालका लागि रोकियो।

यसपछि बैशाख २९ गते सत्ता गठबन्धनमा रहेका जसपा नेपाल, लोसपा, नेकपा र कांग्रेस चार दलले संयुक्त विज्ञप्ति जारी गर्दै मधेश प्रदेश सरकारलाई निरन्तर समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरे। सो सहमतिसँगै कृष्ण प्रसाद यादवले तत्कालको राजनीतिक संकट टार्न सफल भएका थिए।

यता जनमत पार्टी सरकारबाट बाहिरिएपछि रिक्त भएका दुई मन्त्रालयमध्ये एक जसपा नेपाल र अर्को नेकपालाई दिने गरी अनौपचारिक छलफलसमेत अघि बढाइएको छ। सरकार जोगाउन कृष्णले यी दुई मन्त्री तयार भएको स्रोतको दाबी छ।

यसैबीच जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव बुधबार जनकपुरधाम पुगेर पार्टीका प्रदेशस्तरीय नेताहरूसँग छलफलमा जुटेका थिए। उनले कटैया चौरीस्थित जसपा नेता जितेन्द्र यादवको निवासमा बसेर सरकारको पछिल्लो अवस्थाबारे राय सुझाव लिएको स्रोतले जनाएको छ।

**कांग्रेसभित्रै असन्तुष्टि**

बाहिरबाट सरकारलाई समर्थन जुटे पनि कांग्रेसभित्रको असन्तुष्टि भने अझै मत्थर हुन सकेको छैन। विशेषगरी गगन थापा र डा. शेखर कोइराला समूहका प्रदेश सभा सदस्यहरू मुख्यमन्त्री कृष्णप्रसाद यादवको कार्यशैलीप्रति असन्तुष्ट देखिएका छन्।

उनीहरूले सरकार सञ्चालन कमजोर भएको, सांसदहरूलाई बेवास्ता गरिएको, पार्टीभित्र समन्वयको अभाव रहेको तथा सरकार एकलौटी ढंगले चलाइएको आरोप लगाउँदै आएका छन्।

स्रोतका अनुसार असन्तुष्ट समूहले भविष्यमा संसदीय दलको नेतृत्व परिवर्तनको सम्भावनासमेत खुला राखेको छ। यद्यपि अहिलेका लागि उनीहरू खुला विद्रोहमा भने देखिएका छैनन्।

मधेश प्रदेश सभामा नेपाली कांग्रेसका २२ जना सांसद रहेका छन्। तीमध्ये पूर्व सभापति शेरबहादुर देउवा निकट समूहमा कृष्णप्रसाद यादव, अञ्जना पण्डित, कुमारकान्त झा, जंगीलाल राय यादव, निलमकुमारी रजक, नुरुन नेसा, मीनाकुमारी लामा, मोहम्मद समिम, रेखा ठाकुर, शकुन्ती देवी, शेष नारायण यादव, सञ्जयकुमार महतो र सुनिलकुमार यादव रहेका छन्।

सभापति गगन थापा निकट समूहमा इन्दुकुमारी साह, नागेन्द्र साह र विरेन्द्रप्रसाद सिंह रहेका छन्। त्यस्तै डा. शेखर कोइराला समूहमा कौशल किशोर राय, जनार्दन सिंह क्षेत्री, जीवछीकुमारी यादव, रामसरोज यादव, शंकरप्रसाद चौधरी र श्यामप्रसाद पटेल रहेका छन्।

अंकगणितले देउवा समूह मजबुत देखिए पनि ९ जना समानुपातिक सांसदलाई गलाएर भए पनि गगन समूहले वर्चस्व कायम गर्न खाजेका छन्। कुमारकान्त झालगायत ८ जना महिला सांसद समानुपातिक कोटाबाट सदस्य छन्।

**पुष्पा भुसालको 'ड्यामेज कन्ट्रोल'**

कांग्रेसभित्रको सम्भावित विद्रोह रोक्न पार्टी नेतृत्व पनि सक्रिय बनेको छ। कांग्रेसकी केन्द्रीय उपसभापति पुष्पा भुसाल बुधबार जनकपुरधाम पुगेर प्रदेश सभा सदस्यहरूसँग छुट्टाछुट्टै छलफलमा जुटिन्।

उनी हालै केन्द्रिय सदस्यमा मनोनित भएका धनुषा महेन्द्र यादवलाई सँगै राखेर छलफल गरिन्। महेन्द्र यादव र मुख्यमन्त्री कृष्णको सम्धी छन्।

उनले असन्तुष्ट सांसदहरूलाई मनाउने, विश्वासको मतका दिन पार्टीलाई एकढिक्का राख्ने र सार्वजनिक रूपमा विवाद नचर्किने वातावरण बनाउन प्रयास गरेको कांग्रेस स्रोतले जनाएको छ।

**शुक्रबार विश्वासको मत**

मधेश प्रदेश सरकारले शुक्रबार प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गरेको छ। सत्ता गठबन्धनको समर्थन कायम रहेकाले सरकार सुरक्षित देखिए पनि कांग्रेसभित्रको आन्तरिक समीकरणले अन्तिम क्षणसम्म चासो बढाएको छ।

देउवा समूह निकट एक सांसदले सरकारलाई पर्याप्त मत प्राप्त हुने दाबी गर्दै भने, 'सामान्य असन्तुष्टिबाहेक ठूलो समस्या छैन। पार्टी एकजुट छ र विश्वासको मत सहज रूपमा पारित हुन्छ।'

तर गगन पक्षका एक सांसदले भने सरकारको कार्यशैलीप्रति असन्तुष्टि कायमै रहेको प्रतिक्रिया दिएका छन्।

'हामीले आफ्नो कुरा नेतृत्वसमक्ष राखेका छौं। अहिले विश्वासको मत दिने वातावरण बने पनि सरकार सञ्चालनप्रति हाम्रो असन्तुष्टि कायम छ,' उनले भने।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

AD
अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

## आफ्नै भवनबाट वडा कार्यालयको सेवा प्रवाह थालनी

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख ३१ गते**



जनसंख्या र भूगोलको आधारमा जिल्लाकै सबैभन्दा ठुलो स्थानीय तहको रूपमा रहेको सिरहाको लहान नगरपालिका ९ लहान गोठमा नवनिर्मित चारकोठे भवनबाट वडा कार्यालयको सेवा प्रवाह थालनी गरिएको छ।

नगरपालिकाको समपूरक कोष र संघीय सरकारको अनुदान अन्तर्गत टेण्डरमार्फत ३५ लाख १५ हजार रुपैयाँको लागतमा नवनिर्मित चारकोठे भवनबाट बिहीबार एक समारोहबीच नगर प्रमुख महेशप्रसाद चौधरी र वडाध्यक्ष घुरन चौधरी थारुले संयुक्त रुपमा रिवन काटेर वडा कार्यालयको विधिवत् उद्घाटनसँगै सेवा प्रवाहको थालनी गरे। नवनिर्मित भवनमा वडाध्यक्ष र वडा सचिवको छुट्टाछुट्टै कार्यकक्ष, दुई कोठा बराबरको सभाहल र शौचालय छन्।

भवनको उद्घाटन गर्दै नगर प्रमुख चौधरीले लहान नगरपालिकाअन्तर्गतका २४ मध्ये लहान गोठसहित २० वटा वडा कार्यालयले आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गरिरहेको बताए। 'वडा कार्यालयको उद्घाटनसँगै ९ नं. वडा क्षेत्रमा पर्ने गाउँ टोलका सेवाग्राही नागरिकले पनि वडाको आफ्नै भवनबाट सेवा लिनेछन्' उनले भने 'यो भवन सबैको साझा उपलब्धि हो, वडा कार्यालयबाट लिन सकिने प्रशासनिक सेवा लिन सहज हुनेछ।'

उनका अनुसार स्थानीय तहको दोस्रो निर्वाचनपछि साढे तीन वर्षको अवधिमा हरेक आर्थिक वर्षमा पाँच/पाँचवटाको दरले १५ वटा वडा कार्यालयको भवन निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ। चालु आव. २०८२/०८३ को असार मसान्तसम्म ४, १३, १६ र २४ नं. वडाको पनि भवन निर्माण सम्पन्न गरी सेवा सुचारु गर्ने गरी निर्माणको काम भइरहेको उनले बताए।

वि.सं. २०७४ को स्थानीय तहको पहिलो निर्वाचनपछि स्वास्थ्य चौकी भवनको साँघुरो कोठामा सञ्चालन हुँदै आएको वडा कार्यालय आठ वर्षपछि आफ्नै भवनमा सर्न पाएकोमा वडाध्यक्ष चौधरीले खुसी व्यक्त गरे। आफ्नै भवन नहुँदा स्वास्थ्यको साँघुरो कोठाबाट सेवा प्रवाह गर्न भोग्दै आएको कठिनाई अन्त्य भएको उनले बताए।

## सिरहा सदरमुकाममा पार्किङस्थल नहुँदा ............

सार्वजनिक सवारी साधन रोकेर यात्रु चढाउने-ओराल्ने गरिन्छ। जसका कारण सडक साँघुरिने, ट्राफिक जाम हुने तथा पैदलयात्रुलाई जोखिम मोलेर हिँड्नुपर्ने अवस्था सिर्जना भएको छ।

स्थानीय व्यवसायीका अनुसार बजार क्षेत्रमा दैनिक हजारौं मानिसको आवतजावत हुने भए पनि पार्किङ व्यवस्थापनको दीर्घकालीन योजना अभावले समस्या झन् जटिल बन्दै गएको छ। "सडक साँघुरो छ, त्यसमाथि दुवैतर्फ सवारी पार्किङ हुन्छ। पैदल हिँड्नै मुस्किल भएको छ," स्थानीय अगुवा तथा सिरहा नगरपालिका-१ का सदस्य शम्भु साहले बताए।

व्यवस्थित पार्किङ अभावकै कारण ट्राफिक जाम, दुर्घटनाको जोखिम तथा बजार व्यवस्थापनमा चुनौती थपिएको ट्राफिक प्रहरीको भनाइ छ। मुख्य सडक किनारमै मोटरसाइकल तथा चारपांग्रे सवारी पार्किङ गरिँदा एम्बुलेन्स, दमकल लगायत आपतकालीन सेवाका सवारी सञ्चालनसमेत प्रभावित हुने गरेका छन्।

सिरहा ट्राफिक प्रहरीले बजार क्षेत्रमा नो-पार्किङ क्षेत्र निर्धारण, अव्यवस्थित पार्किङ हटाउने तथा ट्राफिक व्यवस्थापनका अभियान सञ्चालन गरे पनि स्थायी पार्किङस्थल अभावका कारण समस्या समाधान हुन नसकेको जनाएको छ। "सवारी चाप दिनप्रतिदिन बढिरहेको छ, तर त्यसअनुसार पूर्वाधार विस्तार हुन सकेको छैन," ट्राफिक कार्यालय स्रोतले जनाएको छ।

यता स्थानीयवासीले सिरहा नगरपालिकाले पार्किङ व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने माग गरेका छन्। बजार क्षेत्रभित्र सार्वजनिक जग्गाको पहिचान गरी बहुउद्देश्यीय पार्किङस्थल निर्माण गर्न सके ट्राफिक समस्या धेरै हदसम्म समाधान हुने उनीहरूको विश्वास छ।

नगरपालिकाका एक अधिकारीले पार्किङ व्यवस्थापनका विषयमा छलफल भइरहेको बताए पनि जग्गा अभाव तथा सीमित बजेटका कारण काम अघि बढ्न नसकेको स्वीकार गरे। उनका अनुसार आगामी नगर योजनाअन्तर्गत व्यवस्थित पार्किङ निर्माणलाई प्राथमिकतामा राख्ने तयारी भइरहेको छ।

सवारी साधनको बढ्दो चापसँगै सिरहा सदरमुकामको बजार व्यवस्थापन चुनौतीपूर्ण बन्दै जाँदा दीर्घकालीन योजना, प्रभावकारी कार्यान्वयन र व्यवस्थित शहरी पूर्वाधार निर्माणप्रति नागरिकको अपेक्षा बढ्दै गएको देखिन्छ।

